# जिल्ला समन्वय समितिको कार्यालय
## तानसेन,पाल्पा

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आ.व २०८२/०८३ को तेस्रो त्रैमासिक समयावधि (२०८२ माघ १ गतेदेखि २०८२ चैत्र मसान्तसम्म ) मा सम्पादित कार्यहरुको विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

| | |
|---|---|
| क ) निकायको स्वरुप र प्रकृति | नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरेको छ। जिल्ला समन्वय समिति पाल्पामा नौ सदस्यीय समिति रहेको जसमा प्रमुख, उप-प्रमुख र सात जना सदस्य रहेको छ जिल्ला समन्वय समितिको कार्यालय, पाल्पा अन्तर्गत जिल्ला समन्वय अधिकारी सहित १२ जना को दरबन्दी रहेको छ । |
| ख ) निकायको काम, कर्तव्य र अधिकार | - जिल्ला भित्र रहेका संघिय कार्यालय ,प्रदेशस्तरीय कार्यालय, र स्थानीय तहहरुका बीच समन्वय गर्ने ।<br>- जिल्ला भित्र सञ्चालित संघ, प्रदेश, स्थानीय तह, गै.स.स तथा दातृ संस्था वा साझेदारीमा सञ्चालित योजना तथा विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन एवं सुपरीवेक्षण गर्ने गराउने वा सोको प्रवन्ध मिलाउने । |
| ग) निकायमा रहेको कर्मचारी दरबन्दि र पदपूर्तिको विवरण | जिल्ला समन्वय अधिकारी -१<br>शाखा अधिकृत -१<br>ईन्जिनियर - १<br>नायब सुब्बा -१<br>लेखापाल -१<br>सब-ईन्जिनियर - १ (रिक्त)<br>खरिदार -१<br>हलुका सवारी चालक -२(करार १ जना ,१पद रिक्त)<br>कार्यालय सहयोगी - ३(२ जना स्थायी ,१ जना करार) |
| घ) निकायबाट प्रदान गरिने सेवा | कार्यक्रमको स्वीकृति, समन्वय, अनुगमन, अनुगमनको लागि आवश्यक व्यवस्थापन गर्ने, स्थानीय तहहरु बिच आइपर्ने समस्याहरुमा सहजीकरण गर्ने । |
| ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | — |
| च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | दस्तुर-निशुल्क, अवधि- तुरुन्त प्रक्रिया अघि बढाइने छ। |
| छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी | -सम्बन्धित शाखाबाट अवस्था अनुसार कारबाही सुरु भई जिल्ला समन्वय |

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
पाल्पा
२०७३

| | |
|---|---|
| | अधिकारीबाट निर्णय हुने ।<br>-अवस्था अनुसार जिल्ला समन्वय समितिको बैठक र जिल्ला समन्वय समिति प्रमुखबाट निर्णय हुने । |
| ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी | -जिल्ला समन्वय समिति प्रमुख (श्री टंकनाथ खनाल)<br>-जिल्ला समन्वय अधिकारी (श्री पुनाराम पौडेल ) |
| झ) सम्पादन गरेको कामको विवरण | - मिति २०८२/१०/१७-२० लुम्बिनी प्रदेशका सबै जिल्लाका जिल्ला समन्वय अधिकारी र असल अभ्यास गर्ने पालिकाहरुको प्र प्र अधिकृत हरुको संयुक्त कार्यक्रम भैरहवामा यस जिल्लाका जि स अधिकारी र तानसेन न पा र रिब्दिकोट गाउँपालिकाको प्र प्र अ र सम्बन्धित शाखा प्रमुखहरुको सहभागिता गराईएको ।<br>-मिति २०८२/१०/२४‘२६ सम्म रुपन्देहीको बुटवलमा आयोजित पालिकाहरुको स्वमुल्याँकन प्रणाली (LGPASS ) सम्बन्धी लुम्बिनी प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा जि स स कार्यालय पाल्पाको सहभागीता जनाईएको ।<br>-मिति २०८२/११/४-६ सम्म पाल्पा जिल्लाको माथागढी गाउँपालिका भित्र सञ्चालनमा रहेका बहुक्षेत्रिय पोषण कार्यक्रमको अनुगमन गर्ने काम जि स स पाल्पाका समन्वय समिति प्रमुख उप-प्रमुख जि स अ शाखाअधिकृत समेतको टोलीबाट सम्पन्न गरियो ।सो कार्यक्रममा पालिकाका अध्यक्ष उपाध्यक्ष स्वास्थ्य शाखा प्रमुख पोषण सहजकर्ता र अन्य शाखा प्रमुखहरु सँग छलफल र अन्तर्क्रिया समेत गरिएको थियो । पोषण क्षेत्रमा भएका राम्रा कामहरुको निरन्तरता र कमी कमजोरी हटाई सुधार गर्दै जाने सहमती भएको थियो ।<br>-मिति २०८२/११/०७ गते प्रजातन्त्र दिवसको अवसरमा तानसेन नगरपालिकाको समेत सहयोगमा जि स स कार्यालय परिसर र दरबार परिसर सरसफाई कार्यक्रम सम्पन्न । सरसफाइ कार्यक्रम पछी जि स स को सभाहलमा जिस स स प्रमुख ज्यूको अध्यक्षतामा लु प्र सभाका सभामुख श्री तुलाराम घर्तिमगर ज्यू को प्रमुख आतिथ्यतामा प्रदेश स्वास्थ्य मन्त्री श्री खेम बहादुर सारु संविधान सभासदस्य कुल प्रसाद नेपाल र नारायणी शर्मा लगायत जनप्रतिनिधीहरु जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीहरु समेतको उपस्थितिमा अन्तर्क्रिया तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरियो ।<br>-माघ र फागुन महिनामा पाल्पा जिल्लाका माथागढी बगनासकाली रामपुर रम्भा लगायतका पालिकाहरुमा सञ्चालनमा रहेका बहुबर्षिय तथा रुग्ण र साना आयोजनाहरु को अनुगमन गर्ने काम गरियो ।<br>- मिति २०८२/१२/०३ गतेका दिन यस कार्यलयमा रहेका जिन्सी निरीक्षण गर्दा लिलाम गर्नुपर्ने भनि उल्लेख भएका र कामनलाग्ने जिन्सी सामान तथा बस्तुहरु लिलाम डाँक बढाबढबाट लिलामबिक्री गर्ने काम सम्पन्न गरियो ।<br>-मिति २०८२/१२/१० गते जि स स झापाका प्रमुख उप-प्रमुख सदस्यहरु |

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
पाल्पा
२०७३

| | |
|---|---|
| | समेतको भ्रमण टोलीलाई जि स स कार्यालय पाल्पामा स्वागत गरी दुई जिल्लाका काम कारबाही बारे एकआपसमा जानकारी गराउने अनुभव साटासाट गर्ने काम सम्पन्न गरियो ।<br>- जिल्ला समन्वय समिति पाल्पाको वोर्ड बैठक मिति २०८२/१२/२२ मा बस्यो ।सो बैठकमा जिल्ला भित्र सञ्चालित योजनाहरुको अनुगमन निरीक्षण गर्ने काम पदाधिकारीहरु र सदस्यहरुबाट पनि निरन्तर भैरहेको बारे छलफल भयो । सबैले आ-आफुले देखेका अनुभव गरेका कुराहरु बिषयहरु जानकारी गराउनुभयो ।साथै यस जिल्ला भित्र सञ्चालनमा रहेका क्रसर उद्योगहरु के कसरी सञ्चालन भएका छन सो को बिबरण पालिकाहरु सँग माँग गर्ने निर्णय गरियो ।<br>-पाल्पा जिल्ला अन्तर्गत संघ, प्रदेश र स्थानीय तहहरु बाट तानसेन न.पा.,बगनासकाली गा.पा.,र रम्भा गा.पा. भित्र संचालित आयोजना तथा कार्यक्रमहरुको मिति २०८२/१२/२६ देखि समन्वय उप-प्रमुख ज्यू को नेतृत्वमा समन्वय अधिकारी, ईञ्जिनियर र अन्य कर्मचारी समेतको टोलीबाट अनुगमन सम्बन्धि कार्य भएको ।<br>-संघ र प्रदेशबाट स्थानीय तह र अन्य कार्यालयहरुलाई समन्वय गर्ने सम्बन्धमा लेखिआएका विषयमा समन्वय गर्ने कार्य गरिएको । |
| ञ) सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद | कार्यालय प्रमुख : जिल्ला समन्वय अधिकारी श्री पुनाराम पौडेल<br>सूचना अधिकारी : शाखा अधिकृत श्री लेखनाथ अर्याल |
| ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | - स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>-जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५<br>-स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६<br>- जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि- २०७९<br>- जिल्ला सभा तथा जिल्ला समन्वय समिति बैटक सञ्चालन सम्बन्धी कार्यविधि - २०७५ |
| ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आ.व २०८२।०८३ को चैत्र मसान्तसम्मको विनियोजित बजेट तथा खर्चको विवरण :<br>बजेट शिर्षक नं. ३६५००१०५३ जिल्ला समन्वय समितिको कार्यालय (चालु)<br>विनियोजित बजेट: रु१,८५,५३,७११।-<br>खर्च: रु १,०९,०५,५५४।३४ |
| ड) तोकिए बमोजिमका अन्य विवरण | — |

शाखा अधिकृत

जिल्ला समन्वय अधिकारी